**म.प.बै.सं. ३५।०८२**

**संवत् २०८२ साल मङ्सिर २ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः २०८२ मङ्सिर २९ देखि पुस ४ गतेसम्म कतारको राजधानी दोहामा आयोजना हुने United Nations Convention Against Corruption (UNCAC) को 11th Session of the Conference of the State Parties मा सहभागी हुन सचिव श्री गोविन्द बहादुर कार्कीलाई स्वीकृति दिने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०८२ जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

३. अर्थ मन्त्रालयः प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमका लागि नर्वे र स्वीट्जरल्याण्ड सरकारबाट प्राप्त हुने क्रमशः पचास मिलियन नर्वेजियन क्रोनर (करिब पाँच मिलियन अमेरिकी डलर) र १.८ मिलियन स्वीस फ्रैंक (करिब २.१ मिलियन अमेरिकी डलर) थप अनुदान सहायता स्वीकार गर्ने।

४. अर्थ मन्त्रालयः नेपाल स्टक एक्सचेन्ज लिमिटेडको पुनर्संरचना गर्ने सम्बन्धमा अध्ययन गरी सुझाव पेस गर्न श्री प्रकाशजङ्ग के.सी., काठमाडौंको संयोजकत्वमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको पुनर्संरचना सम्बन्धी सुझाव समिति, २०८२ गठन गर्ने।

५. अर्थ मन्त्रालयः विश्व बैंकबाट दिगो र समावेशी परियोजनाको लागि प्रस्ताव गरिएको पन्चानब्बे मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण स्वीकार गर्न वार्ता टोली गठन गर्ने।

६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः २०८२ मङ्सिर ६ गते साउदी अरेबियाको रियादमा आयोजना हुने Eleventh Ministerial Conference of the Least Developed Countries (LDCMC11) कार्यक्रममा सहभागी हुन सचिव श्री कृष्ण बहादुर राउतलाई स्वीकृति प्रदान गर्ने।

७. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउने सम्बन्धी आदेश, २०८२ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

८. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः जल तथा मौसम विज्ञान विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने।

९. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः तनहुँ जलविद्युत आयोजनाको जलाशयको जल सतह तथा मध्यवर्ती क्षेत्र (Buffer Zone) को रेखाङ्कन भित्र पर्ने बर्षौंदेखि जोतभोग, आवाद कमोत, बसोवास तथा भोगचलन हुँदै आएको ऐलानी जग्गाको स्थलगत अध्ययन तथा नापजाँच गरी जग्गाको प्रकार, प्रकृति, प्रयोगको अवधि लगायतको यथार्थ विवरण संकलन गर्न जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३ (२) बमोजिमको मुआब्जा निर्धारण समितिलाई थप जिम्मेवारी प्रदान गर्ने।

१०. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः २०८२ मङ्सिर ८ मा भारतको नयाँदिल्लीमा नव नियुक्त प्रधानन्याधीशको शपथ ग्रहण कार्यक्रम र २०८२ मङ्सिर १० मा त्यहाँको सर्वोच्च अदालतमा संविधान दिवसको अवसरमा आयोजित कार्यक्रममा सहभागी हुन कानून, न्याय तथा संसदीय मामिला मन्त्री माननीय अनिल कुमार सिन्हालाई स्वीकृति प्रदान गर्ने।

११. गृह मन्त्रालयः नेपाल विशेष सेवा ऐन, २०४२ लाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

१२. गृह मन्त्रालयः नेपालमा भिसा नियमित नगरी बसोबास गर्दै आएका ४ जना मलेसियन नागरिकहरूले प्रचलित कानूनअनुसार नेपालबाट प्रस्थान हुने मितिसम्म बुझाउनुपर्ने विलम्ब शुल्क र जरिवाना बापतको रकम मिनाहा गरी नेपालबाट प्रस्थान गराउने।

१३. गृह मन्त्रालयः जापानका लागि नेपालका पूर्वराजदूत डा. मदन कुमार भट्टराईलाई जापान सरकारले प्रदान गर्ने Order of Japan (The Order of the Rising Sun, Gold and Silver Star) तथा काठमाडौंस्थित जापानी दूतावासको पूर्वकर्मचारी श्रीमती रमा सुन्दरी जोशीलाई जापान सरकारले प्रदान गर्ने Order of Japan (The Order of the Sacred Treasure, Gold and Silver Ray) विभूषण ग्रहण गर्न स्वीकृति दिने।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**

नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

१४. गृह मन्त्रालयः सशस्त्र प्रहरी (चौथो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने।

१५. गृह मन्त्रालयः २०८२ भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा घाइते भएका २४२९ जनालाई जनही पन्ध्र हजार रुपियाँका दरले तत्काल राहत रकम उपलब्ध गराउने।

१६. गृह मन्त्रालयः अध्यागमन नियमावली, २०५१ को अनुसूची-१२ को क्रमसङ्ख्या १ मा रहेको पदयात्रा अनुमति दस्तुर हेरफेर गर्ने।

१७. गृह मन्त्रालयः सशस्त्र प्रहरी बल, नेपालको संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गर्ने।

१८. परराष्ट्र मन्त्रालयः कतार सरकार र United Nations Office of the High Representative for the Least Developed Countries, Landlocked Developing Countries and Small Island Developing States (UN-OHRLLS) ले २०२५ डिसेम्बर २ देखि ४ सम्म दोहामा संयुक्त रूपमा आयोजना गर्ने 'Forging Ambitious Global Partnership for Sustainable and Resilient Graduation of Least Developed Countries' उच्चस्तरीय बैठकमा सहभागी हुन परराष्ट्र मन्त्रालयका सचिव श्री अमृतबहादुर राईलाई स्वीकृति दिने।

१९. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः दार्चुला जिल्ला साविक धाप गा.वि.स. वडा नं. ४ कि.नं. ७२२ क्षेत्रफल १९-१४-०-०को सार्वजनिक पर्ति जग्गा मध्ये क्षेत्रफल १५-१३-३-२ जग्गा भूमि सार्वजनिक प्रकृतिको जग्गा दार्चुला भन्सार कार्यालयलाई प्रयोग गर्न स्वीकृति दिने।

२०. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ३९ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश तीन वर्षसम्मको लागि लागु नहुने गरी "ईन्धन प्रणालीमा वातावरणमैत्री वा ऊर्जा दक्षतामूलक फेरबदल गरिने सवारी साधनको हकमा" छुट दिने।

२१. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयः २०८२ मङ्सिर १५ देखि १७ गतेसम्म दक्षिण कोरियाको सोलमा आयोजना हुने Building a Care Movement-Technical Assistance Facility on Transforming Care Systems in the Context of Demographic Shifts कार्यक्रममा सहभागी हुन सचिव श्री लक्ष्मी कुमारी बस्नेतलाई स्वीकृति प्रदान गर्ने।

२२. युवा तथा खेलकुद मन्त्रालयः भारतमा भएको Matrix Fight Night-17 विश्व च्याम्पियनसिपमा बान्टामवेट टाईटल जित्न सफल खेलाडी फाइटर रविन्द्र ढाँटलाई सम्मान र प्रोत्साहन स्वरूप रू. पाँच लाख एवं प्रशिक्षक डिबिज पिया (लामा) लाई रू. दुई लाख प्रदान गर्ने।

२३. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका दुईजना महासेनानीलाई सहायक रथी दर्जामा बढुवा गरी पदस्थापन गर्ने।

२४. रक्षा मन्त्रालयः Land Forces Talks (LFT) को छैटौं बैठक २०८२ मङ्सिर ३ देखि ५ गतेसम्म काठमाडौंमा सञ्चालन गर्न स्वीकृति दिने।

२५. वन तथा वातावरण मन्त्रालयः वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने।

२६. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः नेपाल सरकार र इजरायल सरकारबिच श्रम सम्झौता गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

२७. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः नेपाल सरकार र ओमान सरकारबिच हुने समझदारीपत्र स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

२८. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः हाल भइरहेको छनौट प्रक्रियाबाट नेपाल वायुसेवा निगमको महाप्रबन्धक नियुक्ति नभएसम्मका लागि सञ्चालक समिति सदस्य श्री अमृतमान श्रेष्ठलाई महाप्रबन्धकको काम, कर्तव्य समेत सुम्पी कार्यकारी सञ्चालकको रूपमा नियुक्त गर्ने।

२९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः रुपन्देही जिल्लाको मर्चवारी गाउँपालिकाको नाम परिवर्तन गरी मर्चवारीमाई गाउँपालिका र केन्द्र वडा नं. ३ रायपुरबाट परिवर्तन गरी वडा नं. ४ खैरा कायम गर्ने।

३०. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः शहीद धर्मभक्त मानव अङ्ग प्रत्यारोपण केन्द्रको कार्यकारी निर्देशक पदमा डा. कल्पना कुमारी श्रेष्ठ, नवलपरासीलाई तोक्ने।

**म.प.बै.सं. ३६।०८२**

**संवत् २०८२ साल मङ्सिर ५ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः बंगलादेशको ढाकामा २०८२ मङ्सिर १० र ११ गते आयोजना हुने नेपाल—बंगलादेशबिच ऊर्जा क्षेत्रमा सहकार्य गर्न गठित संयुक्त सञ्चालक समिति र संयुक्त कार्यसमूहको सातौं बैठकमा ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री चिरञ्जीवी चटौतको नेतृत्वको नेपाली प्रतिनिधिमण्डललाई भाग लिन स्वीकृति दिने।

२. परराष्ट्र मन्त्रालयः नयाँ सम्झौताअनुसार राहदानी जारी नहुँदासम्मको अन्तरिम अवधिका लागि सात लाख थान विद्युतीय राहदानीको खाली पुस्तिका, सोको वैयक्तिकरण, बिस थान Finger Print Scanner, बिस थान Signature Pad, सात लाख सङ्ख्यामा स्वचालित बायोमेट्रिक पहिचान प्रणाली (Automated Biometric Identification Systems- ABIS), Operation, Support and Maintenance सहित प्रति राहदानी अमेरिकी डलर १०.१३ का दरले (करबाहेक) हालको आपूर्तिकर्ता IDEMIA Identity and Security SAS France सँग भेरिएशन आदेशबाट खरिद गर्ने सम्झौता गर्न राहदानी विभागलाई स्वीकृति प्रदान गर्ने।

३. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका महासेनानी बिजित राज रेग्मीलाई सोही सेवाको सहायक रथी दर्जामा बढुवा गरी पदस्थापन गर्ने।

४. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका सहायक रथी कृष्ण प्रसाद भण्डारीलाई सोही सेवाको उपरथी दर्जामा विशेष बढुवा गर्ने।

५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः उपभोक्ता अदालत र बाल अदालतको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः २०८२ मङ्सिर ८ देखि १२ गतेसम्म चीनको ल्हासामा आयोजना हुने महिला सेमिनारमा सहभागी हुन आदिवासी जनजाति आयोगका माननीय सदस्य श्री रिना रानालाई स्वीकृति प्रदान गर्ने।

**म.प.बै.सं. ३७।०८२**

**संवत् २०८२ साल मङ्सिर ८ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. अर्थ मन्त्रालयः युरोपियन युनियनबाट Green and Reliable Energy for Economic Prosperity in Nepal (GREEN+) परियोजनाको लागि प्राप्त हुने २३.५८ मिलियन युरो अनुदान सहायता स्वीकार गर्ने।

२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः विशेष आर्थिक क्षेत्रको मासिक भाडादर प्रति वर्ग मिटर रु.२०।- (बीस) बाट घटाई रु.५।- (पाँच) कायम गर्ने।

३. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः नेपाल इन्जिनियरिङ सेवा, मेकानिकल समूह, जनरल मेकानिकल उपसमूह, राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव (प्रा.), रजिष्ट्रार श्री प्रेम कुमार सिंहको राजीनामा स्वीकृत गर्ने।

४. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः विद्युत नियमन आयोगलाई South Asia Forum Infrastructure Regulation (SAFIR) को सदस्यता लिन स्वीकृति दिने।

५. खानेपानी मन्त्रालयः मेलम्ची खानेपानी आयोजना प्रभावित क्षेत्रको पूर्वाधार विकाससँग सम्बन्धित विषयमा अनुगमन, अन्तरनिकायगत समन्वय तथा सहजीकरण गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव (विकास व्यवस्थापन क्षेत्र हेर्ने) को संयोजकत्वमा मेलम्ची खानेपानी आयोजना प्रभावित क्षेत्र अनुगमन, समन्वय तथा सहजीकरण समिति गठन गर्ने।

६. गृह मन्त्रालयः नेपाल प्रहरीको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति दिने।

७. गृह मन्त्रालयः २०८२ भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा घाइते भएकाहरूको उपचार र राहतलाई प्रभावकारी बनाउन गठित समन्वय समिति तथा गृह मन्त्रालयको हेल्प डेस्कमा काम गर्ने निजामतीबाहेकका बढीमा दश जना सदस्यहरूलाई मासिक पन्ध्र हजार रुपियाँका दरले बढीमा चार महिनाका लागि खाजा तथा यातायात खर्च उपलब्ध गराउने।

८. गृह मन्त्रालयः प्रहरी नायब महानिरीक्षक श्री ईश्वर कार्कीलाई नेपाल प्रहरीको जनपद प्रहरी समूहतर्फको प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा नियुक्त गरी काठमाडौं उपत्यका प्रहरी कार्यालयमा पदस्थापन गर्ने।

९. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः सहकारी ऐन, २०७४ को दफा १०५ को उपदफा (२) को खण्ड (क), (ख), (घ) र (ङ) का अध्यक्ष र सदस्यहरूलाई निजहरूको कार्यसम्पादन सन्तोषजनक नरहेकोले सफाई पेश गर्ने मनासिब मौका दिन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिवमार्फत् सात दिनभित्र स्पष्टीकरण माग गर्न स्वीकृति दिने।

१०. रक्षा मन्त्रालयः निर्वाचन सुरक्षा व्यवस्थालाई प्रभावकारी, व्यवस्थित, भरपर्दो र विश्वसनीय बनाउने प्रयोजनका लागि आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ सम्पन्न नहुँदासम्मको लागि नेपाली सेना परिचालन गर्न स्वीकृतिका लागि सम्माननीय प्रधानमन्त्रीमार्फत सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

११. वन तथा वातावरण मन्त्रालयः आ.व.२०८२।८३ मा वन तथा वातावरण मन्त्रालयअन्तर्गत सञ्चालन हुने आयोजनाका लागि अधिकृतस्तरको ३७ अस्थायी दरबन्दी स्वीकृत गर्ने।

१२. वन तथा वातावरण मन्त्रालयः

(क) संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रमा मिति २०८१/३/२४ भन्दा अगावै तत्काल प्रचलित कानूनी व्यवस्थाबमोजिम जलविद्युत् उत्पादनका लागि सर्वेक्षण अनुमति पत्र प्राप्त गरिसकेका वा ऊर्जा खरिद सम्झौता सम्पन्न भएका आयोजनाहरूको वातावरणीय अध्ययन सहमति, स्वीकृति तथा राष्ट्रिय वनको जग्गा प्रयोग गर्ने प्रक्रियाहरू प्रचलित कानूनबमोजिम वन तथा वातावरण मन्त्रालयले अगाडि बढाउने।

(ख) संरक्षित क्षेत्रभित्र पेट्रोलियम पाईपलाइन, पर्यापर्यटन र स्थानीय जनताको जीवनयापनसँग प्रत्यक्ष सम्बन्ध राख्ने खानेपानी, बाटोघाटो, पुलपुलेसा, सिँचाइ, सञ्चार, सार्वजनिकयातायात, विद्युत प्रसारण लाईन, स्वास्थ्य सेवा जस्ता आधारभूत सेवा र सुविधासँग सम्बन्धित कार्यहरूको लागि मात्र वातावरणीय अध्ययन सहमति, स्वीकृति तथा राष्ट्रिय वनको जग्गा प्रयोग गर्न दिने वा सट्टाभर्ना जग्गा लिने प्रक्रिया प्रचलित कानूनबमोजिम वन तथा वातावरण मन्त्रालयले अगाडि बढाउने।

१३. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः २०८२ मङ्सिर १५ देखि १९ गतेसम्म चीनको बेइजिङमा आयोजना हुने National Liaison Officers Meeting for Asia and the Pacific Region कार्यक्रममा सहभागी हुन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव (विज्ञान तथा प्रविधि) श्री विश्ववावु पुडासैनीलाई स्वीकृति दिने।

१४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणीका दुईजना सहसचिवहरूको सरुवा गर्ने।

१५. नेपाल सरकारका मुख्यसचिव श्री एकनारायण अर्यालले उमेर हदको कारण मिति २०८२ मङ्सिर १० गतेदेखि अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएको व्यहोरा जानकारी गराउने र उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

१६. राष्ट्रिय योजना आयोगका सचिव श्री गोकर्णमणि दुवाडीले सेवा अवधिको कारणबाट मिति २०८२ मङ्सिर १० गतेदेखि अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएको व्यहोरा जानकारी गराउने र उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

१७. रक्षा मन्त्रालयका सचिव श्री सुमनराज अर्याललाई मिति २०८२ मङ्सिर १० गतेदेखि लागु हुने गरी नेपाल सरकारको मुख्यसचिव पदमा बढुवा गर्ने।

१८. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृतहरू श्री रविलाल पन्थ, श्री केदारनाथ शर्मा, श्री मदन भुजेल र श्री चन्द्रकला पौडेलको सरुवा गर्ने।

**म.प.बै.सं. ३८।०८२**

**संवत् २०८२ साल मङ्सिर १५ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः राष्ट्रिय आर्थिक गणना सञ्चालन सम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड, २०८२ स्वीकृत गर्ने।

२. अर्थ मन्त्रालयः २०८२ भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा भएको सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्याङ्कन गर्न र सार्वजनिक संरचनाको पुनर्निर्माण योजना तयार गर्न गठित समितिको कार्यावधि तीस दिन थप गर्ने।

३. अर्थ मन्त्रालयः अर्थ मन्त्रालयका सचिव (राजस्व) श्री भूपाल बराललाई कर्मचारी सञ्चय कोषको सञ्चालक समितिको अध्यक्ष नियुक्त गर्ने।

४. अर्थ मन्त्रालयः संवत् २०८२ माघ १ गतेदेखि कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले देहायबमोजिमको अवस्थामा बाहेक एकपटकमा पाँचलाख रूपियाँ वा सोभन्दा बढी मूल्यको कुनै सेवा वा वस्तुको खरीद बिक्री वा अन्य कारोबार गर्दा वित्तीय संस्था वा बैङ्किङ उपकरणमार्फत गर्नुपर्ने गरी नगद कारोबारको सीमा निर्धारण गर्नेः-

   (क) वित्तीय संस्थामा निक्षेप, बचत वा सटही गर्न,

   (ख) वित्तीय संस्थाबाट लिएको कर्जा, त्यसको साँवा तथा ब्याज भुक्तानी गर्न,

   (ग) वित्तीय संस्थाहरूबिचमा नगद कारोबार गर्न,

   (घ) उपरोक्त नगदको सीमाभन्दा बढी नगद स्रोत तथा प्रयोजन खुल्ने गरी आफूसँग राख्न वा देशभित्र एक स्थानबाट अर्को स्थानमा लैजान,

   (ङ) कुनै निक्षेपकर्ता वा बचतकर्ताले कुनै खास कारण देखाई नगद भुक्तानीको लागि दिएको निवेदनको व्यहोरा र कारण मनासिब देखिएमा त्यस्तो निक्षेपकर्ता वा बचतकर्ताको खाता रहेको वित्तीय संस्थाबाट निक्षेपकर्ता वा बचतकर्तालाई उल्लिखित सीमाभन्दा बढी नगद भुक्तानी दिन।

५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः भारतको नयाँ दिल्लीमा मिति २०८२ मङ्सिर २२ मा आयोजना हुने पेट्रोलियम तथा ग्याँससम्बन्धी नेपाल-भारत संयुक्त कार्यसमूहको बैठकमा सहभागी हुने सहसचिव श्री शिवराम पोखरेलको संयोजकत्वको नेपाली प्रतिनिधिमण्डल गठन गर्ने।

६. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७४ र उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७४ को अनुसूचीमा हेरफेर गर्ने।

७. गृह मन्त्रालयः नेपाल विशेष सेवा (बिसौं संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने।

८. परराष्ट्र मन्त्रालयः बाढीपहिरोबाट प्रभावित श्रीलंकालाई सहायता स्वरूप दुई लाख अमेरिकी डलर प्रदान गर्ने।



नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयहरू

९. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः

(क) गल्छी-त्रिशुली-मैलुङ-स्याफ्रुबेसी-रसुवागढी सडकको स्याफ्रुबेसी-रसुवागढी खण्ड चीन सरकारको अनुदान सहयोगमा निर्माण हुने गरी भएको सम्झौताबमोजिम सोसडक योजनाका लागि सडकको Alignment/ROW तथा नदी किनाराबाट उत्खनन गरिने ढुङ्गा, गिट्टी, बालुवा जम्मा २,२१,००० घ.मि. को लागि वन नियमावलीअनुसार लाग्ने दस्तुर रू. ६,८४,२९,३७०/- छुट दिने।

(ख) उल्लिखित सम्झौताबमोजिम उल्लेखित सडकको कूल लम्बाइको मध्यविन्दुबाट १० कि.मी. भित्र Temprorary Facilites निर्माण गर्नका लागि लाङ्टाङ राष्ट्रिय निकुञ्ज भित्रको २०००० वर्ग मिटर क्षेत्रफल बराबरको जग्गा योजना सम्पन्न नभएसम्मका लागि योजनालाई अस्थायी रूपमा उपयोग गर्न सहमति प्रदान गर्ने।

१०. रक्षा मन्त्रालयः २०८२ मङ्सिर १९ देखि २२ गतेसम्म मित्रराष्ट्र भारतको पिथौरागढमा सञ्चालन हुने अभ्यास-सूर्य किरण को १९ औं संस्करणको निरीक्षणमा सहभागी हुन उपरथी श्री अनुपजंग थापालाई स्वीकृति दिने।

११. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक स्वास्थ्य समूह, मेडिकल उपसमूहका सहायक रथी डा. नम्रता महराको पदावधि थप गर्ने।

१२. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका सहायक रथी प्रकाश राज थापा र भुवन खत्रीको पदावधि थप गर्ने।

१३. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका महासेनानी राजेश थापाको राजीनामा स्वीकृत गर्ने।

१४. वन तथा वातावरण मन्त्रालयः शक्ति मिनिरल्स प्रा.लि.लाई चुनढुङ्गा उत्खनन् कार्यको लागि धनुषा जिल्लामा रहेको राष्ट्रिय वनको एक्काइस दशमलव चार एक हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने।

१५. वन तथा वातावरण मन्त्रालयः त्रिशक्ति होल्डिङ्गस प्रा.लि.लाई चुनढुङ्गा उत्खनन् गर्नको लागि चितवन जिल्लामा रहेको राष्ट्रिय वनको बीस दशमलव एक चार हेक्टर जग्गा जग्गा प्रयोग गर्न स्वीकृति दिने।

१६. वन तथा वातावरण मन्त्रालयः रिद्धि सिद्धि सिमेन्ट लिमिटेडलाई चुनढुङ्गा उत्खनन् कार्यको लागि मकवानपुर जिल्लामा रहेको राष्ट्रिय वनको एक्काइस दशमलव छ तीन हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने।

१७. वन तथा वातावरण मन्त्रालयः बाबा माइन्स एण्ड मिनिरल्स प्रा.लि.लाई चुनढुङ्गा उत्खनन् गर्नको लागि मकवानपुर जिल्लामा रहेको राष्ट्रिय वनको चार दशमलव नौ नौ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने।

१८. वन तथा वातावरण मन्त्रालयः प्रधान खनिज उद्योग प्रा.लि.लाई चुनढुङ्गा उत्खननको दोहोरिएका सर्तहरूको समायोजन गर्न स्वीकृति दिने।

१९. वन तथा वातावरण मन्त्रालयः विग प्लस मिनिरल्स प्रा.लि.लाई ग्रेनाईट उत्खनन् गर्नको लागि मकवानपुर जिल्लामा रहेको राष्ट्रिय वनको चार दशमलव चार आठ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने।

२०. वन तथा वातावरण मन्त्रालयः के. के. लाइम्स एण्ड इन्डस्ट्रिज प्रा.लि.लाई चुनढुङ्गा उत्खनन् गर्नको लागि उदयपुर जिल्लामा रहेको राष्ट्रिय वनको दुई हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने।

२१. वन तथा वातावरण मन्त्रालयः अन्नपूर्ण मिनिरल्स प्रा.लि.लाई फलाम उत्खनन् गर्नको लागि मकवानपुर जिल्लामा रहेको राष्ट्रिय वनको चार दशमलव नौ छ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने।

२२. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः विश्वविद्यालय अनुदान आयोगको रिक्त सचिव पदमा प्रा. डा. ज्ञान बहादुर थापा, गुल्मीलाई नियुक्ति गर्ने।

२३. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः लुम्बिनी विकास परिषद्को सदस्य सचिव ई. दिपक श्रेष्ठ, गोरखालाई मनोनयन गर्ने।

२४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः नुवाकोट जिल्लाको लिखु गाउँपालिकाको केन्द्र वडा नं. ३ भलाद्मीडाँडाबाट परिवर्तन गरी वडा नं. ४ गड्खारमा कायम गर्ने।

२५. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः प्रेस काउन्सिल नेपालको अध्यक्षमा डा. कुमार शर्मा आचार्य, दाङलाई मनोनयन गर्ने।

२६. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः २०८२ पुस २ देखि ४ गतेसम्म भारतको नयाँदिल्लीमा आयोजना हुने 2nd WHO Global Summit मा सहभागिताको लागि माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री डा. सुधा गौतमलाई स्वीकृति दिने।

२७. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयअन्तर्गतका १५ वटा निकायहरूको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति दिने।

२८. वन तथा वातावरण मन्त्रालयः कार्बन व्यापार नियमावली, २०८२ स्वीकृत गर्ने।

२९. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री फणीन्द्र गौतमले उमेर हदको कारणबाट मिति २०८२ मङ्सिर १८ देखि अनिवार्य अवकाश प्राप्त गर्नुहुने व्यहोरा जानकारी गराउने र उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

३०. नेपाल प्रशासन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री बैकुण्ठ प्रसाद अर्याललाई बढुवा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेशको प्रमुख सचिव पदमा पदस्थापन गर्ने।

३१. क) संवत् २०८२ साल भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शनका क्रममा मृत्यु भई सहिद घोषणा भएका व्यक्तिका परिवार (आमा, बुबा, श्रीमान्/श्रीमती, अविवाहित छोरा र अविवाहित छोरी) लाई गृह मन्त्रालयले फोटोसहितको परिचयपत्र उपलब्ध गराउने।

ख) प्रत्येक वर्ष भदौ २३ गते जेनजी सहिद दिवसको रूपमा मनाउने।

३२. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृत श्री हरिप्रसाद मैनाली र श्री मुकुन्दप्रसाद निरौलाको सरुवा गर्ने।

**म.प.बै.सं. ३९।०८२**

**संवत् २०८२ साल मङ्सिर २२ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः कोलम्बो प्लानको नवौं महासचिव पदमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. गोविन्द प्रसाद शर्माको उम्मेदवारी मनोनयन गर्न स्वीकृति प्रदान गर्ने।

२. अर्थ मन्त्रालयः नेपाल र मौरिससबिच सन् १९९९ मा भएको दोहोरो करमुक्ति तथा वित्तीय छल निरोधसम्बन्धी सम्झौता अन्त्य गर्ने। सम्झौता अन्त्य हुने प्रक्रियागत अवधिभर सो मुलुकबाट नयाँ लगानी प्राप्त हुने अवस्थामा आयकर ऐन, २०५८ को दफा ७३ को उपदफा (५) को व्यवस्था स्वीकार गर्ने लगानीकर्ताको मात्र लगानी स्वीकार गर्ने।

३. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः संलग्न प्रबन्धपत्र र नियमावलीबमोजिम सिँचाइ व्यवस्थापन कम्पनी लिमिटेडको संस्थापना गर्न स्वीकृति दिने।

४. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः नेपाल न्याय सेवा, न्याय समूह, राजपत्राङ्कित प्रथम श्रेणीका चारजना अधिकृतहरूको सरुवा गर्ने।

५. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः आ.व.२०८२।८३ को लागि कृषकले उत्पादन गरेको उखुको न्यूनतम खरिद मूल्य प्रति क्विन्टल रु. ६२०।- र अनुदान रकम प्रति क्वीन्टल रु. ७०/- निर्धारण गर्ने।

६. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः २०८२ मङ्सिर २९ देखि पुस १ गतेसम्म भुटानको थिम्पुमा आयोजना हुने 3rd Science, Policy, and Finance Dialogue for Regional Air Quality Management in the Indo-Gangetic Plain and Himalayan Foothills (IGP-HF) विषयक कार्यक्रममा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. दीपक कुमार खराललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।

७. गृह मन्त्रालयः सर्वोच्च अदालतको यातायात क्षेत्रसम्बन्धी आदेशहरू कार्यान्वयन गर्ने सम्बन्धमा श्री दिपक सुवेदी, काठमाडौंको अध्यक्षतामा तीन सदस्यीय जाँचबुझ आयोग गठन गर्ने।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**

८. गृह मन्त्रालयः मृतक पत्रकार सुरेश रजक, काठमाडौंलाई राज्यकोतर्फबाट शहीद घोषणा गर्ने।

९. गृह मन्त्रालयः संवत् २०८२ साल भदौ २३ र २४ गतेको जेन-जी (Gen-Z) प्रदर्शन तथा आन्दोलनमा घाइते तथा अपाङ्ग भएका व्यक्तिलाई राहत सहायता उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने।

१०. गृह मन्त्रालयः नेपाल नागरिकता (चौथो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

११. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयअन्तर्गतका निकायहरूमा संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गर्न पूर्वस्वीकृति प्रदान गर्ने।

१२. युवा तथा खेलकुद मन्त्रालयः राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष श्री ध्रुव आचार्यलाई तीन दिनको समय दिई युवा तथा खेलकुद मन्त्रालयमार्फत् सफाइ पेश गर्ने मौका दिने।

१३. युवा तथा खेलकुद मन्त्रालयः सन् १९७३ मा फिलिपिन्सको मनिलामा आयोजना भएको पहिलो एसियाली एथलेटिक्स च्याम्पियनसिपमा कास्य पदक हासिल गरी नेपाललाई पहिलो अन्तर्राष्ट्रिय पदक दिलाउने पूर्व म्याराथुन धावक एवं ओलम्पियन श्री जीत बहादुर के.सी. लाई सम्मान स्वरुप नगद रू. २५ लाख प्रदान गर्ने।

१४. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवाका तीनजना महासेनानीहरूको सरुवा गर्ने।

१५. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक हवाई सेवा, पाइलट समूहका सहायक रथी संजीब घिमिरेको पदावधि थप गर्ने।

१६. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका सहायक रथी लिला बहादुर खनाल क्षेत्रीलाई सोही सेवाको उपरथी दर्जामा विशेष बढुवा गर्ने।

१७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः महालेखा नियन्त्रक कार्यालय र अन्तर्गतका निकायहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

१८. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र अन्तर्गतका निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति दिने।

१९. शहरी विकास मन्त्रालयः मेहेलकुना खटाङ्ग घुमखहरे त्रिकोणात्मक झोलुङ्गे पुल, भेरी नदी, सुर्खेतलाई राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना तोक्ने।

२०. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः १० जिल्लाका चौरानब्बे हजार पाँच सय बहत्तर गरिब परिवारको सूची स्वीकृत गर्ने।

२१. अर्थ मन्त्रालयः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (दोस्रो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने।

२२. राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री राजेन्द्र कुमार पौडेललाई बढुवा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेशको प्रमुख सचिव पदमा पदस्थापन गर्ने।

२३. नेपाल सरकार, मन्त्रिपरिषद्को २०८२ मङ्सिर १५ गतेको परिचयपत्र उपलब्ध गराउने र जेनजी सहिद दिवस मनाउने विषयको निर्णयको सट्टा देहायबमोजिम गर्ने-

क) संवत् २०८२ साल भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शनका क्रममा मृत्यु भई सहिद घोषणा भएका व्यक्तिका सगोल परिवारका सदस्य (श्रीमान्, श्रीमती, छोरा, छोरी, आमा, बुबा) लाई गृह मन्त्रालयले फोटोसहितको परिचयपत्र उपलब्ध गराउने।

ख) प्रत्येक वर्ष भदौ २३ गते जेनजी सहिद दिवसको रूपमा मनाउने।

२४. जेनजी आन्दोलनका प्रतिनिधि र नेपाल सरकारबिच हुने सम्झौतामा नेपाल सरकारको तर्फबाट सम्माननीय प्रधानमन्त्रीज्यूले हस्ताक्षर गर्ने।

२५. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृत श्री प्रमिलादेवी बज्राचार्य, श्री मधुसुदन बुर्लाकोटी, डा. गोविन्दप्रसाद शर्मा, श्री कृष्णबहादुर राउत, श्री रामआधार साह, डा. राजेन्द्रप्रसाद मिश्र, श्री माहादेव पन्थ र श्री कमल प्रसाद पोखरेल (शर्मा) लाई सरुवा गर्ने।

**म.प.बै.सं. ४०।०८२**

**संवत् २०८२ साल मङ्सिर २५ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः नेपाल न्याय सेवा, कानून समूह, राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री पुष्कर सापकोटालाई नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढुवा नियुक्ति गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव पदमा पदस्थापन गर्ने।

२. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयः समाज कल्याण परिषद्को रिक्त सदस्य-सचिव पदमा श्री सरोज कुमार शर्मा, महोत्तरीलाई चार वर्षको लागि मनोनयन गर्ने।

३. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ असोज ५ को निर्णयबाट गठित जाँचबुझ आयोगको कार्यक्षेत्रमा जेनजी आन्दोलनका प्रतिनिधि र सम्माननीय प्रधानमन्त्रीबिच मिति २०८२।८।२४ गते भएको सम्झौताबमोजिम देहायका कार्यक्षेत्र थप गर्ने-

(क) यस जनआन्दोलनको क्रममा भएको अत्यधिक बल प्रयोगको परिणामस्वरूप गैरन्यायिक हत्या लगायतका मानव अधिकार उल्लङ्घन सम्बन्धी आरोपहरूको बिना विभेद छानबिन गरी सत्य तथ्य खोज गरी फौजदारी जवाफदेहिता वहन गर्न सिफारिस गर्ने।

(ख) जाँचबुझ, सत्य निरूपण तथा मेलमिलापको मान्यतालाई ध्यानमा राखी उपयुक्त प्रक्रिया अपनाई जनआन्दोलनको प्रकृति तथा भदौ २३ र २४ को विशिष्ट परिस्थितिजन्य अवस्थालाई दृष्टिगत गरी जनआन्दोलनको क्रममा भएका घटना र अन्य व्यक्ति वा समूहले आपराधिक मनसायका साथ सुनियोजित तथा सङ्गठित तरिकाले गरेका हिंसात्मक कार्यहरूको भेदलाई पूर्वाग्रह-रहित रूपमा छुट्याई छानबिन गरी प्रतिवेदन पेश गर्ने।

(ग) कसैलाई आन्दोलनमा सहभागी भएकै कारण अनुसन्धान वा अभियोजनको दायरामा पारिएको छ भनी आन्दोलनकारी स्वयं वा निजको तर्फबाट अन्य कसैले अनलाइन, लिखित वा हटलाइनमार्फत उजुरी दिएमा सो सम्बन्धमा सम्बन्धित निकायबाट विवरण झिकाई सो विवरणको आधारमा यो सम्झौता भएको मितिले १५ दिनभित्र स्क्रिनिङ तथा छानबिन गर्ने।

(घ) स्क्रिनिङ तथा छानबिनबाट सम्बन्धित व्यक्ति ज्यान मार्ने कसुर वा सुनियोजित/सङ्गठित रूपमा कुनै आपराधिक गिरोहद्वारा भएका हुनसक्ने गम्भीर अपराधमा संलग्न रहेको नदेखिएमा पछि जाँचबुझ आयोगको प्रतिवेदनबमोजिम हुनेगरी सो व्यक्तिलाई तत्काल हिरासत/थुनामुक्त गर्न र निजविरुद्ध दायर भएका मुद्दा फिर्ता लिन नेपाल सरकारलाई सिफारिस गर्ने।

४. जेनजी आन्दोलनका प्रतिनिधि र सम्माननीय प्रधानमन्त्रीबिच मिति २०८२ मङ्सिर २४ गते भएको सम्झौता अनुमोदन गर्ने। उक्त सम्झौता सम्बद्ध मन्त्रालयले उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्ने।

**म.प.बै.सं. ४१।०८२**

**संवत् २०८२ साल मङ्सिर २९ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः राष्ट्रिय योजना आयोगको उपाध्यक्ष पदमा डा. प्रकाश कुमार श्रेष्ठ, अर्घाखाँची र आयोगको सदस्य पदमा प्रा.डा. सुनीती श्रेष्ठ (हाडा), काठमाडौंलाई नियुक्त गर्ने।

२. अर्थ मन्त्रालयः प्रचलित कानूनमा व्यवस्था भएकोमा बाहेक सेवा प्रवाहको प्रक्रियामा कागजातको आधिकारिकताका लागि आय टिकटका रूपमा हुलाक टिकट टाँस्ने अभ्यास, प्रचलन वा व्यवस्थालाई हटाउने।

३. अर्थ मन्त्रालयः प्रस्तावित Strengthening Public Financial Management and Devolved Service Delivery कार्यक्रमको उपकार्यक्रम दुईको लागि एशियाली विकास बैंकबाट प्राप्त हुने १०० मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण स्वीकार गर्ने।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**

४. अर्थ मन्त्रालयः जग्गाधनी पवन कुमार शारदा र मुरारी लाल मुरारकाको संयुक्त नाममा दर्ता कायम रहेको सिराहा जिल्ला लहान नगरपालिका वडा नं.७क स्थित कित्ता नं. २४८, २४९, ३२७ र ३३० को जम्मा १-१५-१० (एक बिगाहा पन्ध्र कठ्ठा दश धुर) को जग्गा तथा सोमा बनेको भवन मधेश प्रदेश सरकारको राम कुमार शारदा उमा प्रसाद मुरारका प्रादेशिक अस्पतालका नाममा हस्तान्तरण गर्दा आयकर ऐन बमोजिम लाग्ने लाभकर छुट दिने।

५. अर्थ मन्त्रालयः सन् २०१६ नोभेम्बर ९ भन्दा अगाडि चलनचल्तीमा रहेका भारतीय रुपियाँ ५०० र १००० दरका नोटको कारोबार गर्न नपाइने। सन् २०१६ नोभेम्बर ९ देखि निष्काशन भएका भा.रु. २०० तथा भा.रु. ५०० दरका नोट नेपाली वा भारतीय नागरिकले प्रति व्यक्ति भा.रु. २५,००० को सीमासम्म भारतबाट नेपालमा भित्र्याउन र नेपालबाट भारतमा लैजान स्वीकृति दिने।

६. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः आर्थिक वर्ष २०८२/८३ को बाँकी अवधिका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत सञ्चालित सिंचाई आधुनिकीकरण अभिवृद्धि आयोजना (कृषितर्फ) को लागि अधिकृतस्तरका आठ पदहरूको अस्थायी दरबन्दी स्वीकृत गर्ने।

७. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः २०८२ पुस १२ देखि १४ गतेसम्म नेपालको काठमाडौंमा सञ्चालन हुने नेपाल-भारत संयुक्त कृषि कार्यसमूह (JAWG) को नवौं बैठकमा सहभागि हुने कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिको नेतृत्वको नेपाली प्रतिनिधिमण्डल गठन गर्ने र उल्लेखित बैठकमा छलफल हुने कार्यसूची स्वीकृति प्रदान गर्ने ।

८. गृह मन्त्रालयः सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक श्री नारायणदत्त पौडेलको सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, कार्य विभागबाट सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, मानवश्रोत विभागमा, श्री बंशी राज दाहाललाई सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय मानवश्रोत विभागबाट सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय सीमा सुरक्षा विभागमा र श्री गणेश बहादुर ठाडा मगरलाई सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय सीमा सुरक्षा विभागबाट सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय कार्य विभागमा सरुवा गर्ने।

९. युवा तथा खेलकुद मन्त्रालयः युवा तथा खेलकुद मन्त्रालय तथा सम्बद्ध निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गर्न पूर्वस्वीकृति दिने।

१०. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका दुई जना महासेनानीहरूलाई सहायक रथी दर्जामा बढुवा गरी पदस्थापन गर्ने।

११. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका सातजना महासेनानीहरूको सरुवा गर्ने।

१२. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका महासेनानी पंकज राज पोखरेलको राजीनामा स्वीकृत गर्ने।

१३. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका छजना उपरथीहरूको सरुवा गर्ने।

१४. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक स्वास्थ्य समूह, नर्सिङ्ग उपसमूहका प्रमुख सेनानी पवित्रा कार्कीलाई सोही सेवा, समूहको महासेनानी दर्जामा बढुवा गरी पदस्थापन गर्ने।

१५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः गृह मन्त्रालयअन्तर्गतका निकायहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने।

१६. राजनीतिक दल तथा अन्य सरोकारवाला पक्षसँग संवाद, समन्वय र सहजीकरण गर्न कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री अनिलकुमार सिन्हाको संयोजकत्वमा सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री जगदीश खरेल र प्रधानमन्त्रीका मुख्य सल्लाहकार श्री अजयभद्र खनाल सदस्य रहेको उच्चस्तरीय राजनीतिक संवाद समिति गठन गर्ने।

१७. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ असोज ९ को बैठकबाट गठन भई मिति २०८२ कात्तिक १२ मा पुनर्गठन भएको मन्त्रिपरिषद्का समितिमा हेरफेर गरी मन्त्रिपरिषद्का समितिहरू पुनर्गठन गर्ने।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**